मिती २०७७।१०।१४

हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही प्रदेश नं. २ नेपाल

**कार्यपालिका वैठकको कार्यसुची र छलफलका लागि पेश भएका प्रस्तावहरु**

| क.सं. | प्रस्तावको संक्षिप्त ब्यहोरा | सान्दर्भीक कुरा | प्रस्तावको कारण सम्वन्धीत शाखाको राय | निर्णय हुने पर्ने ब्यहोरा |
|---|---|---|---|---|
| १ | १५ शैया अस्पताल स्थानको जग्गा ब्यवस्थापन सम्वन्धमा । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र | | १५ शैया अस्पताल स्थानको जग्गा ब्यवस्थापन निर्णय गर्न |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा इन्भर्टर ब्यवस्थापन गर्ने | | | प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा इन्भर्टर ब्यवस्थापन निर्णय गर्न |
| ३ | भुमिहिन दलित सुकुम्वासी अब्यवस्थीत वसोवासी सामाधान समस्या आयोग इकाई कार्यालय स्थापना तथा जनशक्ति ब्यवस्थापन सम्वन्धमा | भुमि सम्वन्धी समस्या आयोगको सम्झौता पत्र, आयोगको परिपत्र | | भुमि हित दलित सुकुम्वासी अब्यवस्थीत वसोवासी सामाधान समस्या आयोग इकाई कार्यालय स्थापना तथा जनशक्ति ब्यवस्थापन निर्णय गर्न |
| ४ | ज्याला भुक्तानी सम्वन्धमा | कोभिड १९ को रोकथाम र नियन्त्रण गर्न | | ज्याला भुक्तानी निर्णय गर्न |

प्रस्ताव पेश गर्ने प्रमुखबाट स्वीकृती

मिति : २०७७।१०।११

दस्तखत :

नगर प्रमुख

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

आज मिती २०७७ साल मांघ महिनाको १४ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क्र स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | [signature] |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | [signature] |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | [signature] |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | [signature] |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | [signature] |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | [signature] |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | हरिबहादुरथापा |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | मैमुन |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | लक्ष्मी |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | वेद |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | सुनैना |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | खहेरु |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | [signature] |

प्रमुख प्र... अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।१४

छलफलका लागी पेश भएका प्रस्तावहरु

१. १५ शैयाको अस्पताल स्थानको जग्गा ब्यवस्थापन सम्वन्धमा ।
२. प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा इन्भर्टर ब्यवस्थापन गर्ने सम्वन्धमा ।
३. भुमिहिन दलित सुकुम्वासी तथा अब्यवस्थीत वसोवासी समस्या सामाधान आयोग इकाई कार्यालय स्थापना तथा जनशक्ति ब्यवस्थापन सम्वन्धमा ।
४. ज्याला भुक्तानी सम्वन्धमा

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको १५ शैयाको अस्पतालको जग्गा ब्यवस्थापन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ३ फरहदवा स्वास्थ्य चौंकीलाई स्तरउन्नती गरी १५ शैयाको अस्पताल ब्यवस्थापन गर्ने निर्णय गरियो । साथै जिल्ला समन्वय समिति सर्लाहीसँग सिफारिस पत्र माग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कार्यान्वयको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा इन्भर्टर ब्यवस्थापन गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरलाई इमरजेन्सी तथा बर्थिंग सेन्टर र कोभिड अस्पताल संचालन गर्नु पर्ने भएकोले साथै केन्द्रीय विद्युतिकरण ब्यवस्थीत नभएको कारण तत्काल सेवा संचालन गर्न बाधा अवरोध नपर्ने गरी २०० वाट सम्मको इन्भर्टर ब्यवस्था गर्न रकम रु. १,५०,०००।०० कोभिड-१९ शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको भुमिहिन दलित सुकुम्वासी तथा अब्यवस्थीत वसोवासी समस्या सामाधान आयोग इकाई कार्यालय स्थापना तथा जनशक्ति ब्यवस्थापन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका र भुमि सम्वन्धी समस्या सामाधान आयोगसँगे सम्झौता भईसकेकोले कार्यक्रम कार्यान्वयनको लागी इकाई कार्यालय स्थापना गर्ने र उक्त इकाई प्रमुखमा यस कार्यालयमा कार्यरत अधिकृत छैठौं रुपलाल देवकोटालाई इकाई प्रमुखको जिम्मेवारी दिने र आवश्यक जनशक्तिको हकमा गरिव परिवार पहिचान परिचय पत्रको गणकमा फाराम भरेकाहरु मध्येबाट प्रत्येक वडामा १ जनाको दरले ९ जना काम गर्न चाहाने योग्यलाई ३५ दिन सम्म ज्यालामा काम लगाई भुमिहिन, सुकुम्वासी, दलित अब्यवस्थीत बसोवासीहरुको तथ्याँक संकलन गर्ने कार्य तुरुन्त गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।१४

**निर्णय नं. ४**

कार्यपालिकाको बैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको ज्याला भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत कोभिड १९ का अस्पतालमा ज्याला दारीरुपमा कार्यरत कर्मचारीहरुलाई कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रण गर्न खटेका कर्मचारीलाई प्राविधिक स्वास्थ्य कर्मीको ज्यालादारी चौंथो तहको दैनिक ७५०।०० का दरले र कार्यालय सहयोगीको दैनिक रु. ५००।०० का दरले ३ महिनाको कोभिड १९ खर्च शिर्षबाट व्यहोर्ने गरी ज्यालादारी भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत